परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

वर्ष : २ अंक : १४७ पृष्ठ ४ २०८० कार्तीक २० गते, सोमबार 6 Nov., 2023 मूल्य रु. ५/-


समाचार पृष्ठ ३ मा

**भारतले दियो १० करोड भारतीय रूपैयाँ बराबरको राहत सामग्री**

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## बर्दिवास अस्पताललाई स्वास्थ्य सामग्री सहयोग



● टक नेपाल

बर्दिवास । बर्दिबास अस्पतालले १ लाख पचास हजार मूल्य बराबरको स्वास्थ्य सामग्री सहयोग प्राप्त गरेको छ। बर्दिवास नगरपालिकाको सम्वयमा, सेभ द चेल्ड्रको आर्थिक सहयोजमा र सामुदायिक पैरवि मञ्च नेपाल मार्फत बर्दिबास अस्पताललाई स्वास्थ्य उपकरण सहयोग गरेको हो । दातृ निकायका साझेदार संस्था तथा सामग्री व्यवस्थापनका समन्वयकर्ता सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल बर्दिबासका अध्यक्ष नागदेव यादवले सामग्री अस्पताल विकास समितिका सदस्य एवम् अस्पतालका मेसु कृष्ण महर्जन तथा बर्दिबासका नगरप्रमुख प्रहलाद कुमार क्षेत्रीलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। अस्पतालमा दुई वटा अटो क्लेभ मेसिन रहेको छ । जसमध्य एउटा विग्रेको अवस्थामा हरेकाले अस्पतालमा दिनानुदिन विरामिको चाप बढीरहेको मेसु कष्ण महर्जले बताए । उनका अनुसार, बर्दिवासमा रहेको सेभ द चिल्ड्रनलाई यि समस्याहरुको बारेमा केही दिन अगाडी जानकारी गराएको थियो । आज १ लाख ५० हजार बराबरको अटो क्लेभ मेसिन सामग्री प्रदान गरेकोमा अझ ओटी सेवामा थाप सेवा पुग्ने र दातृ संस्था जस्ले विभिन्न समयमा अस्पतालाई सहयोग गदै आईरहेको प्रति खुसी व्यक्त गदै सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल र सेभ द चिल्ड्रेनलाई धन्यवाद दिए । यसै विभिन्न समयमा सामुदायिक विकास तथा पैरवी मञ्च नेपालकै समन्वयमा विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले अस्पताललाई यस्तै स्वास्थ्य सामग्री प्रदान गरेको थियो । यसैगरी आईतवार यो समाग्री सहयोगमा बर्दिवासमा मेयर प्रहलाद कुमार क्षेत्रीको पहलमा र हाम्रो संस्थाले विभिन्न समयमा बर्दिवास नगर पालिका संग सहकार्य गदै अझ अस्पलात लगायत नगरको विकासमा थप सेवा र सहयोग गर्ने सामुदायिक विकास तथा पैरवी मञ्च नेपालका अध्यक्ष नगदेव यादवले बताए ।

## प्रहरी र कर्मचारी समायोजनका लागि माइतीघरमा धर्ना दिने : मुख्यमन्त्री यादव

● टक नेपाल



जनकपुरधाम । मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोज यादवले प्रदेश प्रहरी र प्रदेश निजामती कर्मचारी ऐन कार्यान्वयनका लागि संघीय सरकारविरुद्ध माइतीघरमा धर्नामा बस्ने बताएका छन् । जनता समाजवादी पार्टी नेपाल जिल्ला कार्य समिति रौतहटले शनिबार जिल्लाको देवाही गोनाहीमा आयोजना गरेको दीपावली तथा छठ पर्वको शुभकामना आदान प्रदान तथा पार्टी प्रवेश कार्यक्रममा मुख्यमन्त्री यादवले प्रदेश प्रहरी र कर्मचारी समायोजनको लागि दबाब दिन प्रदेशका १०७ सदस्य सहित धर्ना दिने बताए। नेपालको संविधान २०७२ ले प्रदेशको छुट्टै कानुन, कर्मचारी, प्रहरी हुने व्यवस्था गरे पनि संघीय सरकारले हालसम्म कार्यान्वयन नगरेकाले कार्यान्वयन गराउन मन्त्री र सांसदसहित कार्तिक २२ गतेपछि माइतीघरमा धर्ना दिने बताए । मधेश प्रदेश सरकार भ्रष्टाचारमा डुबेको भनी लाग्दै आएको आरोप गलत रहेको भन्दै मुख्यमन्त्री यादवले प्रदेश सरकारको प्रहरी र कर्मचारी नरहेको खण्डमा कसरी भ्रस्टाचार गर्छ भनी प्रश्न गरे । मधेश आन्दोलनको बलमा आएको संघीयता खारेज गर्न भइरहेको षडयन्त्रलाई मधेश प्रदेश सरकारले सफल हुन नदिने उनले प्रष्ट पारे । मधेश प्रदेश सरकारको आफ्नो प्रहरी प्रसाशन र कर्मचारी पाएपछि कसैले घुस लिने हिम्मत नगर्ने उनले दाबी गरे । केपी ओली, शेर बहादुर देउवा तथा पुष्प कमल दाहाल प्रचण्ड प्रधानमन्त्री बने पनि कसैले पनि प्रदेशको अधिकार दिने कार्य नगरेको आरोप समेत मुख्यमन्त्री यादवले लगाए। उनले गौर राइस मिलको जग्गा प्रदेश सरकारको नाउँमा अधिग्रहणका लागि प्रक्रिया अगाडि बढाउन रौतहटका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गर्दा पनि कुनै वास्ता नगरी अहिलेसम्म केही जवाफ समेत नफर्काएको जानकारी दिए । जग्गा अधिग्रहणका लागि १५ करोड रकम विनियोजन गरिएको र खेलकुदको लागि स्टेडियम निर्माण गर्न रकम छुट्याइएको मुख्यमन्त्री यादवले जनाए । संघीय सरकारको कर्मचारीका कारण प्रदेश सरकारका प्रशासनिक तथा कानुनी कार्यसमेत बाधित हुने गरेको उल्लेख गर्दै उनले प्रदेश सरकारको आफ्नो कर्मचारी भएपछि विकासको लहर नै आउने दाबी गरे । अधिकारका लागि आन्दोलन जरुरी रहेको छ भने विकासका लागि मतको आवश्यकता हुँदा बहुमतको सरकार नभएकाले काम गर्न कठिनाइको सामना गरिर हनु परेको मुख्यमन्त्री यादवले बताउँदै आगामी निर्वाचनमा जसपा नेपालको पूर्ण बहुमतको सरकार बनाउनका लागि मतदान गर्न सबैलाई आग्रह गरे ।



परिवर्तनका लागि एक नयाँ आवाज
टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

## सम्पादकीय

# विपत्तिले निम्ताएको विनास

२०७२ साल बैशाखमा आएको भूकम्पले जेनतेन उठ्ने प्रयास गरिरहेको नेपाललाई फेरि एक पटक त्यही भूकम्पले थला पारिदिएको छ। मस्त निन्द्रामा रहेका पश्चिम नेपालमा शुक्रवार राति आएको भूकम्पले वास्तवमा धेरै जनधनको क्षति भएको छ नै र यसले देशलाई पनि निकै समस्या सृजना गरेको छ। एक त बिना कारण आफ्नो स्वार्थका लागि नै भन्दा पनि हुन्छ नेपालमा विगतमा भएको सशस्त्र आन्तरिक संघर्षले निकै पछाडि धकेलिएको नेपालमा यस्ता विपत्तिले झनै विनास गर्ने गरेका छन् ।शुक्रवार खासगरी जागर कोट र रुकुम पश्चिममा आएको विपत्तिले भूकम्पको विषयमा फेरि नयाँ अध्ययन अनि नयाँ खोज आवश्यक रहेको पनि देखिएको छ। २०७२ सालको भूकम्पले नेपाललाई केही सन्देश दिएको छ र अब घरहरु विगतका जस्ता हुँदैनन् भनिए पनि अवस्था त्यस्तो नभएको कुरा पनि शुक्रवारबाट भूकम्पले दिएको छ। नेपालको ग्रामीण भेगमा निर्मित घरहरु अझै पनि सुरक्षित नभएको देखिन्छ ।तिहार मनाउने तयारीमा रहेका त्यो क्षेत्रका नागरिकहरुको खुसी भूकम्पले खोसिदिएको छ। नेपालमा भूकम्प जहाँ र जहिले पनि जान सक्ने तथ्य भने सबैले बुझिरहन आवश्यक छ। विपत्तिको बेलामा सरकार र प्रतिपक्ष भन्ने कुरा पनि नगरौं। सकेको पीडित नागरिकहरुलाई सहयोग गरौं। घाइतेलाई बचाउनका लागि पहिला प्रयास गरौं घरबार विहिन भएकाहरुको बासको व्यवस्था गरौं। सरकारको मात्र मुख नताकौं। पीडामा रहेका त्यस क्षेत्रका नागरिकहरुको सहयोगमा सबै जुटौं ।

टक नेपाल
राष्ट्रिय दैनिक
"परिवर्तनको एक नयाँ आवाज"
हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य सचाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ।

# नेप्से परिसूचकमा उच्च अङ्कको गिरावट

● टक नेपाल

काठमाडौं । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि उच्च अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ४६ अङ्कले ओरालो लागेर एक हजार आठ सय २६ दशमलव २३ मा सीमित भएको छ। ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक पाँच दशमलव ३६ अङ्कले ओरालो लागेर तीन सय ५२ दशमलव ३९ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये आज एक उपसमूहको शेयर मूल्य उकालो लाग्दा १२ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ।

नेप्सेका अनुसार विभिन्न कम्पनीका कूल ३५ लाख ५८ हजार पाँच सय ५४ कित्ता शेयर रु ९७ करोड २३ लाख ६७ हजार दुई सय ७८ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार रकमका आधारमा नबिल बैंकको संस्थापक शेयर शीर्ष स्थानमा छ। सो बैंकको रु चार करोड ६० लाख ८० हजार बराबरको कारोबार भयो । ग्लोबल आइएमई बैंक रु तीन करोड १७ लाख ७९ हजार आठ सय ७४, एनआइसी एशिया बैंक रु तीन करोड तीन लाख ८० हजार दुई सय १०, हिमालयन डिस्टिलरी रु दुई करोड ८९ लाख ५९ हजार चार सय २४ र नवील बैंक रु दुई करोड ८७ लाख ५२ हजार बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार एनआइसी एशिया लघुवित्त छ दशमलव ९७, तारागाउँ रिजेन्सी होटल पाँच दशमलव ४७, माया खोला हाइड्रोपावर चार दशमलव २५, एशियन हाइड्रोपावर तीन दशमलव ७५ र नेशनल लघुवित्तका लगानीकर्ताले दुई दशमलव ५७ प्रतिशतले कमाएका छन् । हिमालयन लघुवित्त १०, बाराही लघुवित्त सात दशमलव ९८, युनाइटेड आइडीआइ मर्दी हाइड्रोपावर छ दशमलव ७६, नवील ब्यालेन्स फण्ड दोस्रो पाँच दशमलव ७३ र सबैको लघुवित्तका लगानीकर्ताले पाँच दशमलव ५६ प्रतिशतले गुमाएका छन् ।

# कर नतिरको मोवाइलहरु आजदेखि नचल्ने !

● टक नेपाल




काठमाडौं । नेपाल दूरसञ्चार प्राधिकरणले आजबाट मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम (एमडीएमएस) लागू गर्ने भएको छ । चोरीको बाटो भएर नेपालमा मोबाइल नभित्रियोस् भनेर एमडीएमएस लागू गर्न लागिएको हो । प्राधिकरणका अनुसार दर्ता नभएका, अवैध तरिकाले नेपाल ल्याइएको मोबाइल अब चल्नेछैन। नेपालमा दर्ता नभएको मोबाइलमा सिम चल्ने छैन । प्राधिकरणले एउटा सूचना निकालेर कार्तिक १९ गतेसम्म एमडीएमएस दर्ता गर्ने भनेको थियो । व्यवसायीहरुले लामो समयदेखि अवैध बाटो भएर नेपालमा मोबाइल आउँदा राज्यलाई राजस्व घटेको तथा मोबाइलको व्यापारमा कमी आएको भन्दै एमडीएमएस लागू गर्न दबाब दिँदै आइरहेका छन् । प्रयोगकर्ताले आफ्नो फोन एमडीएमएसमा दर्ता भएको छ कि छैन भनेर हेर्न भने एमडीएमएस प्रणालीको आधिकारिक वेबसाइटमा फोनको आईएमईआई नम्बर राखेर हेर्न सकिनेछ ।

सिटी केयर हस्पिटल
HEALTHCARE & DIAGNOSTIC CENTRE PVT. LTD.
सिन्धुली रोड, बर्दिबास (राष्ट्रिय वाणिज्य बैंकको उत्तर पट्टिको हरियो भवनमा)


हाम्रो सेवाहरु
NICU & ICU सेवा सहित
– २४ सै घण्टा इमरजेन्सी सेवा
– दैनिक ओपिडि सेवा (जेनरल मिडिसिन, स्त्रीरोग, बालरोग, जेनरल सर्जरी, छालारोग र थाईरेड)
– भिडियो एक्स-रे, डिजिटल एक्स-रे सेवा
– ल्याब सेवा
– अन्तरंग विभाग सेवा
होल बडी चेकअपमा २५% छुट
044-550527/9801050527/9801150527

# टिकटकलाई नियन्त्रण गर्दै सरकार




● टक नेपाल

काठमाडौं । गृह मन्त्रालयले टिकटकमार्फत अश्लील सामग्री राख्नेलाई कानूनी दायरामा ल्याउने तयारी अघि बढाएको छ । मन्त्रालयले आइतबार एक प्रेस विज्ञप्ती जारी गर्दै सामाजिक सञ्जाल टिकटकमार्फत सामाजिक सद्भाव विगार्ने, घृणा तथा विद्वेष फैलाउने, विशिष्ट व्यक्तिको मानमर्दन गर्ने, जातीय, धार्मिक, सामाजिक सद्भाव विगार्ने र अश्लील खालका गतिविधि तथा सामग्री राख्ने र त्यस्ता कार्य गर्ने व्यक्ति पत्ता लगाई कानूनी कारवाहीको दायरामा ल्याउने जनाएको हो। त्यसैले जिम्मेवार नागरिकको रुपमा कानूनसम्मत शिक्षामूलक र सामाजिक सद्भाव नविगार्ने सामग्री मात्र प्रकाशन, प्रसारण गरी असल नागरिकको भूमिका निर्वाह गर्न र गैरकानूनी कार्य गरेवापत हुने कानूनी कारवाहीबाट बच्न सम्बन्धित सबैमा अनुरोध गरिएको मन्त्रालयका सहसचिव एवम प्रवक्ता नारायण भट्टराईले जारी गरेको विज्ञप्तीमा भनिएको छ। उनका अनुसार सम्बन्धित निकायसँग छलफल गरेपछि मन्त्रालयले यस्तो निर्णय गरेको हो । नेपाल प्रहरीको साइवर व्युरो लगायत सरकारी निकाय र टिकटकको कार्यालय, सिंगापुर बीच सहकार्य बढाउने उद्देश्यले गत शुक्रबार गृह मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सुरक्षा निकाय लगायतका सरकारी निकाय एवम् टिकटकका अन्तर्राष्ट्रिय प्रतिनिधिबीच छलफल भएको थियो। छलफलमा सामाजिक सञ्जालको दुरुपयोग रोक्नका लागि त्यसमा प्रकाशन तथा प्रसारण हुने गैरकानूनी सामग्री स्वतः हट्ने व्यवस्था मिलाउन र दोषीउपर कानून बमोजिम कारबाही गर्ने विषयमा छलफल भएको मन्त्रालयले जनाएको छ। टिकटक लगायतका सामाजिक सञ्जाल पछिल्लो समय व्यक्तिगत तथा सामाजिक जीवनका अभिन्न अंग जस्तै बनेका भनेको र यिनीहरुको मर्यादित र कानूनसम्मत प्रयोगले नयाँ कुरा जानकारी लिन दिन र सामाजिक सम्पर्कमा रहन सहयोग पुर्याउँदै आएको छ । तर, सामाजिक सञ्जालमा संप्रेषण गरिएका गलत सामग्रीले व्यक्ति तथा समाजलाई नकारात्मक प्रभाव पार्नुका साथै कतिपय अवस्थामा व्यक्तिको चरित्र हत्या गर्ने, शान्ति सुरक्षाको अवस्था विगार्ने, जातीय, भाषिक, धार्मिक सदभाव खल्बल्याउने र राष्ट्रिय एकता तथा राष्ट्रहितमा प्रतिकूल असर पार्ने लगायतका दुष्प्रभाव सिर्जना गरेको मन्त्रालयलको ठहर छ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय ५५००५५ | | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम ५२०२११ | |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| जलेश्वर अस्पताल | ५२००७० | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| बर्दिवास आँखा अस्पताल ५५०४७७ | | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | ईलाका प्रहरी कार्यालय गौशाला | ९८५४०९००५० |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | रेडियो गौशाला ९३.६ मेगाहर्ज | ९८२४८७२९६० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | पुरानो सम्झौता तोड्नुपर्ने हुन सक्छ। | तुला | भाग्यवश कीर्तिमानी काम गर्ने अवसर प्राप्त हुनेछ। |
| बृष | सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन्। | वृश्चिक | प्रतिकूल परिस्थितिले चिन्ता बढाउन सक्छ। |
| मिथुन | समयमा वचन पुर्याउन नसक्ता अरूले आलोचना गर्न सक्छन् । | धनु | खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल र हला। |
| कर्कट | नयाँ कामको प्रस्ताव आउनेछ भने साथ दिनेहरू बढ्नेछन् । | मकर | हाँसखेल र मनोरञ्जनको समय छ। |
| सिंह | आकस्मिक खर्चले चिन्ता बढाउन सक्छ। | कुम्भ | भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। |
| कन्या | श्रमको उच्च मूल्यांकन हुनेछ। पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ। | मीन | परिस्थिति सोचेजस्तो नहुनाले फाइदा कम हुनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

# सुपर ओभरमा नेपाल पराजित, ओमानले जित्यो उपाधि



● टक नेपाल

काठमाडौं । आईसीसी टी-२० विश्वकप एसिया फाइनल छनोटको फाइनलमा ओमानसँग नेपाल पराजित भएको छ । आइतबार कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सम्पन्न खेलमा ओमानले सुपर ओभरमा जित निकालेको हो । दुवै टिमले नियमित खेलमा १८४ र १८४ रन बनाएपछि खेल सुपर ओभरमा गएको थियो। सुपर ओभरमा पहिले ब्याटिङ गर्न गएको ओमानले २१ रन बनाएर नेपाललाई २२ रनको लक्ष्य दिएको थियो । तर नेपालका खेलाडी सुपर ओभरको पहिलो बलमै आउट भएपछि खेल ओमानले जितेको हो । ओमानले सुपर ओभरमा २२ रनको लक्ष्य दिएकोमा नेपालले १० रन मात्र बनाउन सफल भयो । नियमित खेलमा नेपालले दिएको १८५ रनको लक्ष्यसहित मैदान उत्रेको ओमानले ९ विकेट गुमाए पनि लक्ष्य पूरा गर्न नसकेपछि खेल बराबरीमा सकिएको थियो ।

# मलंगवामा प्रहरीको संख्या बढाइयो

● टक नेपाल



सर्लाही । सदरमुकाम मलंगवामा प्रहरीको संख्या बढाइएको छ । जिल्ला प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) दीपेन्द्र पन्जियार थारुले प्रमुख दुई चाड दीपावली र छठ पर्व नजिकिएसँगै सुरक्षा अवस्थालाई दृष्टिगत गरी मलंगवामा प्रहरीको उपस्थिति बढाइएको उज्यालो अभियानलाई जानकारी दिए । विभिन्न पर्व मनाउनेक्रममा यसअघि दुई पक्षबीच बारम्बार झडप भएपछि मलंगवामा सुरक्षा निकाय 'अलर्ट' अवस्थामा रहने गरेका छन् । पछिल्ला दिनमा नेपाल प्रहरी र सशस्त्र प्रहरीले गस्ती बढाएको देखिन्छ । गस्तीमा खटिने सुरक्षाकर्मीले नयाँ मानिसमाथिको निगरानी बढाएका सुरक्षा अधिकारीहरूले बताएका छन् । जिल्ला प्रहरी प्रवक्ता थारुले मलंगवालाई लक्षित गरी जिल्ला प्रहरी कार्यालयमा प्रहरीको बेग्लै टोली २४सैं घण्टा तयारी अवस्थामा राखिएको जानकारी दिए । उनले देखिन्छ नजिकिँदै गरेको दीपावली र छठलाई लक्षित गरी सदरमुकाम मलंगवासहित जिल्लाभर नै प्रहरीले विशेष सुरक्षा योजना लागू गर्ने तयारी गरेको बताए । जिल्ला प्रहरी प्रमुखसहितका सुरक्षा अधिकारी आफै सुरक्षामा खटिने तयारी गरेका छन् । दशैंका बेला दुर्गा पूजाको मूर्ति विसर्जन गर्ने क्रममा प्रहरीले सुरक्षा पहरा दिनुपरेको थियो । त्यस घटनालाई लिएर पनि सुरक्षा अधिकारी चनाखो छन् । सदरमुकाम मलंगवामा सामाजिक तथा धार्मिक सद्भाव कायम गराउन जिल्लाका प्रशासक तथा सुरक्षा अधिकारी निरन्तर लागिपरिरहेका हुन् । दीपावली तथा छठ पर्वमा पनि विभिन्न समुदायका अगुवा र अन्य सामाजिक व्यक्तिलाई राखेर छलफल गराउने तयारी गरिएको जिल्ला प्रशासन कार्यालय मलंगवाले जनाएको छ ।

# भारतले दियो १० करोड भारतीय रूपैयाँ बराबरको राहत सामग्री

● टक नेपाल

एजेन्सी । भारतले कर्णाली प्रदेशका भूकम्प प्रभावितहरूका लागि १० करोड भारतीय रूपैयाँ बराबरको आपतकालीन राहत सामग्री उपलब्ध गराएको छ । आइतबार भारतीय वायुसे नाको विशेष विमानबाट ११ टनभन्दा बढी राहत सामग्री नेपालगञ्ज आइपुगेको हो । आइतबार नै भारत सरकारको तर्फबाट नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले यी राहत सामग्री उपप्रधानमन्त्री तथा रक्षामन्त्री पूर्णबहादुर खड्का र कर्णाली प्रदेशका मुख्यमन्त्री राजकुमा शर्मालाई हस्तान्तरण गरे । आपतकालीन राहत सामग्रीमा भूकम्प प्रभावित मानिसहरूका लागि त्रिपाल, टार पोलिन सिट, कम्बल र स्लिपिङ ब्याग, पोर्टेबल भेन्टिलेटर जस्ता चिकित्सा उपकरण र अत्यावश्यक औषधी रहेका छन्।

# फेरि जाजरकोटमा ४ म्याग्निच्युडमाथिको भूकम्पको धक्का

● टक नेपाल

काठमाडौं । जाजरकोटमा आइतबार फेरि ४ म्याग्निच्युडमाथिका दुईवटा भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्रका अनुसार आइतबार दिउँसो २ बजेर २४ मिनेटमा रामीडाँडा आसपास केन्द्रविन्दु भएको ४.१ म्याग्निच्युडको र आइतबारै बिहान १ बजेर २२ मिनेटमा र रामीडाँडा आसपास नै केन्द्रविन्दु भएको ४ म्याग्निच्युडको धक्का मापन गरिएको थियो । आइतबार बिहान ४ बजेर ५३ मिनेटमा जाजरकोटमै ३.८ म्याग्निच्युडको धक्का मापन गरिएको केन्द्रले जानकारी गराएको छ । गत शुक्रबार राति ११ बजेर ४७ मिनेटमा रामीडाँडा आसपास केन्द्रविन्दु भएर ६.४ म्याग्निच्युडको भूकम्प गएको थियो । सो भूकम्पका कारण ठूलो धनजनको क्षति भएको छ ।

# कुलमान घिसिङलाई कार्यालय प्रवेशमा.....

नेपाल विद्युत प्राधिकरणले गत असोज ३० गते विभिन्न पदका आठ तहदेखि दुई तहसम्मका २९७ जना कर्मचारीहरुको सरुवा गरेको थियो । सरुवा सूचीमा स्टोर शाखा प्रमुखदेखि कार्यालयमा विवादित भनेर चिनिएका केही कर्मचारीहरु पनि परेका थिए। त्यसैबेलादेखि ट्रेड युनियनहरु असन्तुष्ट थिए। यद्यपि नेपाल विद्युत प्राधिकरणमा क्रियाशील ट्रेड युनियनहरुले संस्थागत उन्नती र कर्मचारीको हक हितका लागि भन्दै यही कात्तिक १२ गते पहिलो ध्यानाकर्षण पत्र बुझाएका थिए। यसैगरी कात्तिक १४ गते दोस्रो पटक सात बुँदे सहित तीन दिने आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका थिए । तर व्यवस्थापनसँगको वार्ताबाट निष्कर्षमा पुग्ने वातावरण नबनेको भन्दै कार्यकारी निर्देशक घिसिङसहित कार्यालय प्रमुखहरुलाई कार्यालय प्रवेशमा निषेध गर्ने लगायतका आन्दोलनका कार्यक्रम सार्वजनिक गरेका छन् । यो कार्यक्रमबाट पनि माग सुनवाइ नभए कात्तिक २२ गतेदेखि थप आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने उनीहरुले जनाएका छन् ।







अब विश्वको कुनै कुनाबाट एक क्लिकमा हेर्नुस्
मधेश र देश विदेशको हरेक खबर
www.talknepaltv.com
बर्दिबास मिडिया ग्रप प्रा.लि.
बर्दिबास, महोत्तरी (मधेश प्रदेश)

खुशीको खबर सिन्धुली जिल्लामा पहिलो पटक प्याराग्लाइडिङ उडान संचालमा आएको छ । प्याराग्लाइडिङ गर्न चाहने व्यक्तीलहरुले आफ्नो नाम बुकिङ्ग गराउन चाहेमा हामिलाई सम्फनुहोस् ।



सुशिल ढकाल
044-550670, 9849732997
सम्पर्कको लागि
श्री कुसुम कृषि सहकारी संस्था
बर्दिबास, महोत्तरी

अब बर्दिबसमै खुल्यो सुविधा सम्पन्न अस्पताल
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास न.पा.-१, महोत्तरी (यातायात कार्यालयको सामुने)
हाम्रो सेवाहरु



- २४ सै घण्टा इमरजेन्सी सेवा
- २४ सै घण्टा भिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नी तथा नसा रोग)
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- इण्डोस्कोपी कोलोनोस्कोपी सेवा
- हाड जोनी तथा नशा रोग सेवा
- कान, नाक, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- छाती, मुटु तथा पेट रोग विशेषज्ञ
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ

विशेषज्ञ डाक्टरद्वारा दैनिक OPD सेवा
9801673409, 9801673410, 9801673411, 9801673412, 9801673415

# कुलमान घिसिङलाई कार्यालय प्रवेशमा रोक लगाउने ट्रेड युनियनहरुको घोषणा

● टक नेपाल

काठमाडौं । नेपाल विद्युत प्राधिकरणका आन्दोलनरत कर्मचारीहरुले आज कार्यकारी निर्देशक कुलमान घिसिङ लगायतलाई कार्यालय प्रवेशमा रोक लगाउने घोषणा गरेका छन् । सात बुँदे माग अघि सार्दै कात्तिक १२ गतेदेखि आन्दोलनरत नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन र नेपाल विद्युत प्राधिकरण कर्मचारी संघले आज, भोलि र पर्सि तीन दिन



कार्यकारी निर्देशक, उपकार्यकारी निर्देशक प्रशासन, जनसाधन विभागका निर्देशक र सम्पूर्ण प्रादेशिक कार्यालय प्रमुखहरुलाई समेत कार्यकक्षमा प्रवेश निषेध गर्ने निर्णय गरेका हुन् । कात्तिक १९ गते ११:१५ बजेदेखि १२:१५ बजेसम्म, कात्तिक २० गते ११:१५ बजेदेखि १२:४५ बजेसम्म र ११:१५ बजेदेखि १:१५ बजेसम्म कार्यकक्ष प्रवेश निषेध गर्ने कर्मचारीहरुले सार्वजनिक गरेको आन्दोलनका कार्यक्रममा उल्लेख छ ।

बाँकी पृष्ठ ३ मा

# भूकम्पमा मृत्यु भएकाका परिवारलाई सरकारले दुई लाख राहत दिने



● टक नेपाल

काठमाडौं । भूकम्पमा परी मृत्यु भएका व्यक्तिका प्रतिपरिवारलाई रु दुई लाखका दरले राहत दिने नेपाल सरकारले निर्णय गरेको छ । आइतबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद् बैठकको निर्णय जानकारी गराउँदै नेपाल सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले तत्काल राहतस्वरूप पहिलो चरणमा सो सहयोग उपलब्ध गराउने निर्णय भएको जानकारी दिए । यसैगरी, जाजरकोट भूकम्पका कारण मृत्यु भएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै राहत तथा उद्धारको कामलाई तीव्रता दिने र घाइतेको निःशुल्क उपचार गर्ने निर्णय भएको मन्त्री शर्माले जानकारी दिए । शुक्रबार राति जाजरकोट केन्द्रबिन्दु भई ६ दशमलव ४ रेक्टर स्केलको भूकम्प जाँदा जाजरकोट र रुकुमपश्चिम जिल्लामा एक सय ५७ जनाको निधन भएको थियो ।

# गाडीभित्रै कुटाकुट गर्ने पाँच भारतीय पक्राउ

● टक नेपाल

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका ३ मा मदिराको नशामा आफैमा कुटाकुट गर्ने पाँच भारतीय युवकलाई प्रहरीले पक्राउ गरेको छ । भारत विहारको सितामढी जिल्लाका २५ वर्षीय सोनु कुमार, सोही ठाउँका ३१ वर्षीय सुरज राय, २२ वर्षीय महेश कुमार सिंह, उमेर नखुलेका हिमांशु शेखर र प्रभाकर नामका युवक पक्राउ परेका हुन् । धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले मदिरा खाएर आफैँमा कुटाकुट गरेपछि उनीहरूलाई नियन्त्रणमा लिएको बताए । उनका अनुसार दुई जना घाइते पनि छन् । बढी चोट लागेका प्रभाकरको उपचार प्रहरी निगरानीमा जनकपुरकै चन्द्रकला अस्पतालमा भइरहेको छ । 'पाँचै जना भारतीय नम्बर प्लेटकै चारपाङ्गे गाडीमा थिए', डिएसपी अवाले भने, 'जलेश्वरतर्फ जाने क्रममा झगडा गरेछन् । स्थानीयले जानकारी गराएपछि जिरो माइलबाट प्रहरी पुगेर उनीहरूलाई गाडीसहित नियन्त्रणमा लियो ।' सामाजिक सञ्जालमा केहि व्यक्तिले पक्राउ परेका भारतीयहरूलाई अपहरणकारी भनेका छन् । यसबारे डिएसपी अवाले भने, 'अपहरणकारी होइन, मदिरा सेवन गरी कुटाकुट गरेको अहिले खुलेको छ । थप अनुसन्धान भइरहेको छ ।' भारतको विहार राज्यमा मदिरा निषेध छ । त्यसैले विहारका मानिस नेपाली बजारमा आएर मदिरा सेवन गर्छन् । पछिल्लो समय यहाँ घटेका अधिकांश घटनामा भारतीय नागरिक र गाडी अपराधिक क्रियाकलापमा संलग्न र हने गरेको देखिएको छ ।

# सिरहामा विद्यालयमै झुण्डिएको अवस्थामा शिक्षक साह मृत भेटिए



● टक नेपाल

जनकपुरधाम । सिरहाको गोल बजार नगरपालिका ३ जमदहस्थित विद्यालयमै झुण्डिएको अवस्थामा एक शिक्षक फेला परेका छन् । सरस्वती माध्यमिक विद्यालयका शिक्षक सञ्जिव साह झुण्डिएको अवस्थामा मृत फेला परेका हुन् । विद्यालयका परिसरमा निमार्णधीन तेस्रो तल्लाको सभाहलमा झुण्डिएको अवस्थामा उनी फेला परेका छन् । स्थानीयका अनुसार शिक्षक साह विद्यालय सहयोगीसँग माथि चढ्ने गेटको साँचो मागेर रिचार्ज कार्ड लिन पसल पठाएका थिए । सहयोगी आएर धेरैबेर उनलाई कुरेर बसे । तर नभेटेपछि खोज्ने क्रममा माथि पुग्दा शिक्षक साह झुण्डिएको अवस्थामा भेटिए । उनी विद्यालयका प्रधानाध्यापक थिए । विहानै विद्यालय पुगेका उनी किन झुण्डिएको विषयमा केहि खुल्न सकेको छैन् । अहिले गोलबजारबाट प्रहरी घटनास्थल पुगेको छ ।

Rotary
CREATE HOPE in the WORLD

हाडजोर्नी सम्बन्धि नि:शुल्क शल्यक्रिया शिविर

नेपाल अपांग संघ-नेपाल अर्थोपेडिक अस्पताल, जोरपाटी काठमाण्डौका वरिष्ठ हाडजोर्नी विषेशज्ञहरुद्वारा हाडजोर्नी सम्बन्धि नि:शुल्क शल्यक्रिया शिविर हुन गईरहेकोले ईच्छुक बिरामी तथा व्यक्तिहरुले समयमै सम्पर्क राखि सेवा लिनुहुन अनुरोध गरिन्छ ।

मितिः २०८० साल कात्तिक २०, २१ र २२ गते
स्थानः बर्दिवास अस्पताल, बर्दिवास
ओ.पि.डि. नामदर्ता : २०८० कार्त्तिक २० र २१ गते
समयः बिहान १० बजे देखि २ बजे सम्म मात्र



शिविरमा उपलब्ध सेवाहरुः
- भाँचिएकोमा पाता वा किला राखिएका छन र त्यसलाई निकाल्नु परेमा
- हात-खुट्टामा भएका गाँठा-गुठीहरु निकाल्नु परेमा
- हात-खुट्टा भाँचिएका या भाँचिई वाङ्गिएर जोडिएका
- हातमा आगोले पोलेको
- हात-खुट्टाका विकृतिजन्य समस्याहरु
- जन्मजात हात-खुट्टा बाङ्गिएका
- खुट्टाको पैताला फर्किएका

अग्रिम नाम दर्ताको लागि सम्पर्कः
९८०७८३६७१५/९८६०४१७८७९/९८५४०२००५४/९८५४०४१२९४

Rotaract Club of Bardibas

आयोजक
बर्दिवास नगरपालिका
रोटरी क्लब अफ बर्दिवास
बर्दिवास अस्पताल
नेपाल अपांग संघ-नेपाल अर्थोपेडिक अस्पताल जोरपाटी

"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT
Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY
Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE
Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC
Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास नगरपालिका-१४, औरही रोड (महोत्तरी)
सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

घर भाडा सम्बन्धी सूचना

महोत्तरीको गौशाला नगरपालिका ५ स्थित समिर गेष्ट हाउस रहेको भवनको पहिलो तला खाली रहेको हुँदा भाडामा लिन चाहनु हुने व्यक्ति अथवा संस्थाले विस्तृत जानकारी एवं उक्त स्थान अवलोकनको लागि तपशिल बमोजिमका ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।



घरधनीको नाम : साबिर हुसेन
ठेगाना : गौशाला नगरपालिका- ५
मो. : 9819879988, 9844275864

Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)

बैजनाथ चौधरी
मो. ९८४४२५१७९९, ९७०३७७४७८४
हरेक प्रोडक्टमा बम्पर अफर !










जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com